# इच्छाकामना गाउँपालिकाको आर्थिक विधेयकः २०७९

**इच्छाकामनागाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक**

**प्रस्तावनाःइच्छाकामना**गाउँपालिकाको आर्थिक वर्ष०७९।०८०को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,नेपालको संविधानको**२०७२**धारा २२८ को उपधारा २ बमोजिमइच्छाकामना गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**यस ऐनको नाम "आर्थिक ऐन**२०७९"** रहेको छ ।
यो ऐन २०७९साल श्रावण १गतेदेखि इच्छाकामना गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** गाउँपालिका क्षेत्रभित्र अनुसूचि१बमोजिम सम्पत्ति कर ,घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर, मालपोतः**गाउँपालिका क्षेत्रभित्र अनुसूचि २बमोजिम भूमि करमालपोत लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल,ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि३ बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार,व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि ४ बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी,कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि ५बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः**गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि ६ बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि७बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि ८ बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि९ मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि १० बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग,बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि ११ बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण संचालन वा व्यवस्थापन गरेका अनूसूचि १२ मा उल्लेखितस्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटनशुल्कः**गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तरप्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. **कर छुटः**यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

**१७. करको असुली तथा दण्ड जरिवना** : यस गाउंपालिकाले निर्धारण गरेकोकर तथा गैर कर आर्थिक वर्ष नाघेको ३ महिना भित्रै वुझाईसक्नु पर्नेछ । उक्त समय भित्र कर नवुझाई ३ महिना पछि १ वर्ष भित्र आएमा १५ प्रतिशत थप लाग्नेछ त्यस पछिको प्रत्येक वर्ष २० प्रतिशतका दरले थप जरिवाना लाग्नेछ ।

१८.यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

तर, कर उठाउन प्रोत्साहनको लागि कुनै निश्चित समयावधी तोकेर निश्चित प्रतिशत जरिवाना छुट दिन गाउं कार्यपालिकाले निर्णय गर्न वाधा पर्ने छैन ।

**अनुसुचि १ः एकीकृत सम्पत्ति कर**

| **सम्पत्तीको मुल्याँकन (स्वघोषणाको आधारमा)** | **प्रस्तावित दर (रु)** |
|---|---|
| तीलाख रुपैयाँ सम्म | 50 |
| रु तिनलाख एक रुपैयाँ देखि बीस लाख रुपैयाँ सम्म | 100 |
| रु बीसलाख एक रुपैयाँ देखि पचास लाख रुपैयाँ सम्म | 250 |
| पचासलाख एक रुपैयाँ देखि एक करोड रुपैयाँ सम्मा | 500 |
| एक करोड एक रुपैयाँ देखि पाँच करोड रुपैया सम्म | 1000 |
| पाँच करोड रुपैयाँ भन्दा बढी | 2000 |

**अनुसुचि २: भुमिकर (मालपोत)**

| जग्गाको किसिम | करको दर (रु) |
|---|---|
| राजमार्गसँग जोडिएको ५० मिटरसम्म प्रति कठ्ठा | 150 |
| राजमार्गसँग जोडिएको ५० मिटर भन्दा बाहिर प्रति कठ्ठा | 100 |
| राजमार्ग देखि भित्रि ग्रामीण सडक आसपासको ३० मिटरसम्म प्रति कठ्ठा | 15 |

**अनुसुचि ३: घरजग्गा बहाल कर**

| घर आवसाको प्रयोजन | करको दर |
|---|---|
| कृषि प्रयोजनका लागि प्रयोग हुने घर जग्गामा | १ प्रतिशत |
| आवासीय प्रयोजनका लागि प्रयोग हुने घर जग्गा बहालकर | १.५ प्रतिशत |
| व्यवसायीक प्रयोजनका लागि प्रयोग हुने घर जग्गा | ३प्रतिशत |
| संस्थागत प्रयोजनका लागि प्रयोग हुने घर जग्गा | १०प्रतिशत |

**अनुसुचि ४: व्यवशाय करब्यवसाय कर (रु)**

| ब्यवसायकोकिसिम | करका दरहरु | |
|---|---|---|
| | नयाँ दर्ता | नविकरण |
| **होटल** | | |
| क) सामान्य चिया पसल | 500 | 500 |
| ख) लज सहित होटल | 2000 | 1500 |
| ग) अन्य होटल | 1500 | 1000 |
| घ) मिष्ठान्न भण्डार | 1500 | 1000 |
| ङ) दोहोरी साँझ | 5000 | 4000 |
| च) साधारण खाजा पसल | 1000 | 500 |

| | | |
|---|---|---|
| छ) क्याफे हाउस | 1500 | 1000 |
| च) पार्टिप्यालेस र दोहोरी साँझ दुबै सञ्चालन | 5000 | 4000 |
| साधारण कटेज होटल | 5000 | 4000 |
| **रिसोर्ट होटल तर्फ**<br>क वग -१० करोड भन्दा बढी पुँजी भएको, ख वर्ग-३ करोड देखी १० करोड सम्म पुँजी भएको, ग वर्ग- ३ करोड सम्म पुँजी भएको | | |
| क वर्ग | 60000 | 50000 |
| ख वर्ग | 50000 | 40000 |
| ग वर्ग | 25000 | 20000 |
| **टेन्ट हाउस, क्याटरिङ्ग** | | |
| क) टेन्ट हाउस र क्याटरिङ्ग दुवै भएको | 4000 | 3000 |
| ख) टेन्ट हाउस मात्रै | 3000 | 2000 |
| सुनचाँदी पसल | 5000 | 4000 |
| टेलरीङ्ग व्यवसाय | 2000 | 1000 |
| सैलुन | 1500 | 1000 |
| ब्यूटि पार्लर | 1500 | 1000 |
| मोवाईल, कम्प्युटर, टिभी, फ्रिज लगायत इलेक्ट्रोनिक सामग्री विक्री तथा मर्मत | 5000 | 4000 |
| रेडियो, घडी, टेलिफोन, क्यालकुलेटर विक्री तथा मर्मत | 1500 | 1000 |
| जुत्ता तथा चप्पल खुद्रा विक्री | 2000 | 1500 |
| डिलर व्यवसाय | 7000 | 6000 |
| अनलाईन खबर मिडिया | 5000 | 1000 |
| औषधी विक्रेता | 2000 | 1500 |
| चस्मा पसल | 1000 | 500 |
| अस्पताल तथा नर्सिङ होम (डाक्टर र वेड राखि उपचार गर्ने) | 8000 | 7000 |
| पोली क्लिनिक ल्याब सहित | 5000 | 4000 |
| डेण्टल क्लिनिक | 3000 | 2500 |
| पान तथा सुर्तिजन्य पदार्थ विक्रि पसल | 1500 | 1000 |

| | | |
|---|---|---|
| ड्राई क्लिनर्स तथा धुलाई सफाई | 3000 | 2000 |
| आर्ट व्यवसाय | 1000 | 500 |
| होमस्टे | 2000 | 1500 |
| इलेक्ट्रिक सामानहरुको विक्री तथा मर्मत | 2000 | 1500 |
| फोटो, भिडियो ग्राफिक्स तथा प्रिन्टिङ | 1500 | 1000 |
| भाँडा पसल | 2000 | 1500 |
| गिफ्ट तथा कस्मेटिक पसल | 1500 | 1000 |
| प्लाई, सिसा, कार्पेट आदि विक्री गर्ने | 3000 | 2500 |
| डिजेल, पेट्रोल दुवै विक्री गर्ने | 10000 | 8000 |
| डिजेल मात्र | 6000 | 5000 |
| पेट्रोल मात्र | 6000 | 5000 |
| मट्टितेल विक्री गर्ने | 1000 | 800 |
| ग्याँस सिलिण्डर विक्रेता | 3000 | 2000 |
| साईकल तथा रिक्सा विक्री मर्मत | 1500 | 1000 |
| चार पाङग्रे वर्कसप अटोमेकानिकल इन्जिनियरिङ तथा पार्टस | 5000 | 4000 |
| दुई पाङग्रे वर्कसप अटोमेकानिकल इन्जिनियरिङ तथा पार्टस | 3000 | 2000 |
| मोटरसाइकल, इलेक्ट्रीक अटो तथा पेट्रोलबाट चल्ने अटो आदिको सो रुम | 5000 | 4000 |
| जिपकार भ्यान सो रुम | 10000 | 8000 |
| टायर मर्मत गर्ने, हावा हाल्ने सिट मर्मत गर्ने ,अन्य | 1500 | 1000 |
| मोटरसाईकल रि-कण्डीसन | 5000 | 4000 |
| लेखा परीक्षक व्यवशासय | 3000 | 2000 |
| **बैङ्क तथा वित्तिय संस्था व्यवसाय सन्चालन कर** | | |
| क वर्गको बैङ्क तथा वित्तिय संस्था | 16000 | 15000 |
| ख बर्गको बैङ्क तथा वित्तिय संस्था | 13000 | 12000 |
| ग वर्गको बैङ्क तथा वित्तिय संस्था | 11000 | 10000 |
| घ वर्गको लघुवित्त तथा वित्तिय संस्था | 6000 | 5000 |

| | | |
|---|---|---|
| ङ वचत तथा ऋण सहकारी | 3000 | 2000 |
| कल्सल्टेन्सी ईन्जिनियरिङ्ग तथा शैक्षिक | 5000 | 4000 |
| शैक्षिक इन्स्टिच्यूट | 2000 | 1500 |
| डिपार्टमेन्टल स्टोर | 8000 | 6000 |
| किराना पसल | 2000 | 15000 |
| कोल्ड स्टोर्स, प्रोभिजनल स्टोर्स | 2000 | 1500 |
| बाध्यवाधन बस्तुहरु  विक्री | 2000 | 1500 |
| मिल (कुटानी, पिसानी, पेलानी, तेल आदि) | 3000 | 2000 |
| माछा, मासु पसल | 4000 | 3000 |
| तरकारी, फलफुल, साग सब्जी तथा पुष्प व्यवसाय | 4000 | 3000 |
| अण्डा र दाना तथा पशु आहार व्यवशाय | 4000 | 3000 |
| इट्टा विक्री डिपो तथा संकलन केन्द्र | 4000 | 3000 |
| बालुवा प्लान्ट | 6000 | 5000 |
| विमा कम्पनी | 6000 | 5000 |
| विमा एजेन्सी | 2000 | 1000 |
| डोको, नाम्लो, भकारी, प्लाष्टिक तथा बेतबासका सामानहरु विक्री | 2000 | 1000 |
| हार्डवेयर पसल | 8000 | 7000 |
| कृषि उपज व्यापार (धान, मकै, गहुँ तथा अन्य खाद्यान्न आदि) | 6000 | 5000 |
| धातुका भाँडा, मूर्ति र सामाग्री बनाउने व्यवसाय | 2000 | 1500 |
| दुग्ध डेरी | 4000 | 3000 |
| माटोको भाँडा बनाउने बेच्ने | 1000 | 500 |
| पुस्तक, स्टेशनरी तथा खेलकुदका सामानहरुको विक्री | 2000 | 1500 |
| केबुल प्रसारण | 12000 | 10000 |
| कुरियर सेवा | 3000 | 2000 |
| कम्प्युटर, ड्राईभिङ्ग तथा भाषा इन्स्टिच्युट | 3000 | 2000 |

| | | |
|---|---|---|
| कपडा तथा फेन्सी पसल | 2000 | 1500 |
| साइवर, नेट फोन सेवा (कम्यूनिकेशन सेवा) | 2000 | 1500 |
| मार्बल, टायल, सेनेटरीका सामानहरुको विक्री | 5000 | 4000 |
| आलु, प्याज, लसुन व्यापार | 5000 | 4000 |
| एफ.एम. रेडियो | 3000 | 2000 |
| कृषि तथा भेटनरी व्यवशाय मल विउ आदी | 4000 | 3000 |
| मदिरा होलसेल | 8000 | 7000 |
| होटलमा मदिरा बेच्ने गरी अनुमति लिंदा थप | 1000 | 1000 |
| हाउजिङ्ग कम्पनी/प्लटिङ | 11000 | 10000 |
| गाडी धुने | 3000 | 2000 |
| रेमिटेन्स सेवा | 4000 | 3000 |
| कवाडी संकलन | 2000 | 1500 |
| टुर्स एण्ड ट्राभल्स | 4000 | 3000 |
| गिट्टी, बालुवा, ढुङ्गा सप्लायर्स/इट्टा सप्लायर्स | 10000 | 8000 |
| गाडीको धर्मकाटा | 4000 | 3000 |
| कृषि तथा पशु फर्म | 1000 | 500 |
| आल्मुनियम, यु.पि.भि.सि., प्रिफेब, कार्डबोर्डका झ्याल ढोका विक्री | 5000 | 4000 |
| बाँस खरिद विक्री डिपो | 2000 | 1000 |
| पानीपुरी चटपटे बरफ आइसक्रिम | 1000 | 500 |
| गाडि चार्च स्टेशन | 5000 | 4000 |
| साना सहकारी दर्ता | 500 | 500 |
| कवाडी व्यवशासय | 1500 | 1000 |
| **बोर्डिङ्ग तथा निजी विद्यालय** | | |
| मन्टेश्वरी शिक्षा | 4000 | 3000 |
| आधारभुत तह (१-५) | 8000 | 6000 |
| आधारभुत तह (१-८) | 10000 | 8000 |

| | | |
|---|---|---|
| मा.वि. तह १२ सम्म | 15000 | 12000 |
| कलेज तह | 20000 | 18000 |
| जिम हाउस एवं फिटनेस सेन्टर/स्नोकर | 2000 | 1000 |
| **उद्योग तर्फ** | | |
| कंक्रिट उद्योग (रिङ, ब्लक, टायल, पोल आदी) | 6000 | 5000 |
| खाद्यान्न (चिप्स, पाउरोटी, दालमोठ लगायत) | 3000 | 2000 |
| टायर रिसोलिङ उद्योग | 5000 | 4000 |
| ग्रिल स्टिल आल्मुनियम लगायत उद्योग | 6000 | 5000 |
| मिनरल वाटर उद्योग | 7000 | 6000 |
| ग्याँस उद्योग | 80000 | 70000 |
| क्रसर उद्योग | 120000 | 100000 |
| क्रसर उद्योग अस्थायी (मासिक) | | 10000 |
| कापी तथा छापाखाना उद्योग | 3000 | 2000 |
| क्रेट/कर्टुन उद्योग | 3000 | 2000 |
| बोरा उद्योग | 3000 | 2000 |
| वियर उद्योग | 100000 | 80000 |
| प्लास्टिक उद्योग | 5000 | 4000 |
| फर्निचर उद्योग | 5000 | 4000 |
| पुराना कपडाबाट कपास तयार गर्ने उद्योग | 2000 | 1500 |
| अन्य उद्योग | 4000 | 3000 |

**अनुसुचि ५: जडिबुटी कवाडी र जीवजन्तु (प्रतिवन्धित बाहेक) कर**

| **जडिबुटीका किसिम** | **करका दर** |
|---|---|
| सबै किसिमका जडिबुटि | प्रति के.जी ५ रुपैयाँ |
| कवाडी ठुलो ट्रक | २००० |
| कवाडी अन्य गाडी | १००० |
| कवाडी बोत्तल | निशुल्क |

| | |
|---|---|
| छाला हड्डी (कानुनले प्रतिवन्ध गरेको बाहेक) | प्रति के.जी. २ रुपैयाँ |
| सिङ खुर | प्रति के.जी २ रुपैयाँ |

**अनुसुचि ६: सवारी साधन कर**

| **सवारी साधनको किसिम** | **करका दरहरु** | |
|---|---|---|
| | **दर्ता** | **नविकरण** |
| अटो रिक्सा, ई रिक्सा | ५००० | ४००० |
| अन्य सबै किसिमका सवारी | प्रदेश कानुनले तोके बमोजिम | |

**अनुसुचि ७: विज्ञापन कर**

| **विवरण** | **करका दरहरु (रु)** |
|---|---|
| फ्लेक्स बोर्ड प्रति वर्ग फुट | 100 |
| डिजिटल डिस्प्ले प्रति वर्ग फुट | 150 |
| भित्ते लेखन, सटर पेन्टिङ प्रति वर्ग फुट | 50 |

**अनुसुचि ८: मनोरञ्जन कर**

| | |
|---|---|
| **मनोरञ्जन कर** | **प्रदेश कानुनमा उल्लेख गरिएको मा सोही बमोजिम मात्र** |

**अनुसुचि ९: बहाल बिटौरी कर**

| **विवरण** | **करकार दरहरु** |
|---|---|

| | |
|---|---|
| पटके व्यवशाय मासिक | १०० |
| गाउँपालिकाले निर्माण गरेको अस्थायी टहरामा व्यवशाय गर्ने मासिक | ३००० |

**अनुसुचि १०: पार्किङ शुल्क**

| **पार्किङ शुल्क** | दरहरु दैनिक रु |
|---|---|
| वस, ट्रक, लरी हेवि गाडी | १०० |
| माईको कार , जिप, भ्यान | ५० |
| अटो मोटरसाईकल | १० |

**अनुसुचि ११ः ट्रेकिङ, कायाकिङ, प्याराग्लाईडिङ कर**

| **विवरण** | दर (रु) |
|---|---|
| ट्रेकिङ, कायानिङ, क्यानोनिङ, ऱ्याफ्टिङ, प्याराग्लाइडिङ, जिप फ्लायर, बञ्जी जम्पिङ | ० |

**अनुसुचि १२ः सेवा शुल्क तथा दस्तुर**

| **सेवाको विवरण** | **शुल्क रु** |
|---|---|
| सिफारिस दस्तुर | |
| नागरिकता सिफारिस | 200 |
| नागरिकता प्रतिलिपी सिफारिश | 100 |
| विद्युत जडान सिफारिस | |
| क. घरायसी/कृषि प्रयोजन | 100 |
| ख. व्यवसायिक प्रयोजन | 250 |
| व्यवसायीक प्रयोजनका लागि काठ निकासी सिफारिश | 500 |
| घरायसी प्रयोजनका लागि काठ निकासी सिफारिश | 200 |

| | |
|---|---|
| नाता प्रमाणित अंग्रेजी/नेपाली | २५०/२०० |
| सर्जिमन मुचुल्का | १०० |
| उद्योग बन्द गर्ने तथा बन्द उद्योग खोल्ने सिफारिस | ५०० |
| न्यायीक समिति निवेदन | १०० |
| मुख्य राजमार्गले छोएको घर बाटो सिफारिस | ५०० |
| मुख्य राजमार्गले नछोएको घर बाटो सिफारिस | ३०० |
| व्यवशाय नामसारी दस्तुर | २०० |
| चार किल्ला प्रमाणीत मुख्य राजमार्गले छोएको | ५०० |
| चार किल्ला प्रमाणीत मुख्य राजमार्गले नछोएको | ३०० |
| पञ्जिकरण (३५ दिन म्याद नाघेको हकमा) | |
| क) जन्मदर्ता | २०० |
| ख) मृत्यु दर्ता | २०० |
| ग) विवाह दर्ता | २०० |
| घ) बसाई सराई | २०० |
| ङ) सम्बन्ध विच्छेद | २०० |
| च) पञ्जिकरण प्रतिलिपी | २०० |
| व्यक्ति प्रमाणित | १०० |
| अपुतालो सिफारीस दस्तुर | १००० |
| पक्की घर प्रमाणित | ३०० |
| कच्ची घर प्रमाणित | १०० |
| वसोवास प्रमाणित | १५० |
| उद्योग ठाँउसारी गर्ने सिफारीस | ५०० |
| व्यावसायिक घर कोठा खोल्ने | २०० |
| आवासिय घर कोठा खोल्ने | १५० |
| हकभोग तथा जोतभोग र छुट दर्ता सिफारीस | १०० |
| साना घरेलु उद्योगमा आगलागी सिफारीस | ३०० |
| मझौला उद्योगमा आगलागी सिफारीस | १००० |
| ठुला उद्योगमा आगलागी सिफारीस | २००० |

| | |
|---|---|
| सर्वसाधारणको घर टहरा आगलागी सफारीस | निशुल्क |
| नक्सापास किताब दस्तुर | २०० |
| संघसंस्थाको वैंक खाता खोल्दा सिफारीस | ३०० |
| घरपाताल प्रमाणित | २०० |
| व्यवसाय प्रमाणपत्र दस्तुर | ५० |
| घर कायम सिफारीस वा निर्माणाधिन रहेको सिफारीस | १०० |
| वैदेशिक रोजगारीमा मृत्यु हुनेको सिफारीस | निशुल्क |
| नम्वरी जग्गाको रुख काट्ने सिफारीस (कानुनले प्रतिवन्ध गरेको बाहेक) | २०० |
| सहुलियत काठको सिफारीस | १००० |
| बिद्युत टान्सफरर्मर जडान सिफारीस | ४००० |
| खानेपानीको धारा जडान सिफारिश | १०० |
| संस्था दर्ता सिफारिश | १००० |
| संस्था नविकरण सिफारिश | ३०० |
| सिनेमाहल खोल्ने सिफारीस | १०००० |
| मेला सर्कस अनुमति सिफारिश | २००० |
| कर तिरेको रसिदको प्रतिलिपि | २० |
| व्यापारव्यवसाय वन्द भएको वा हुदै नभएको सिफारीस | २०० |
| **अन्य दैनिक सिफारिश (रु)** | |
| निवेदन दस्तुर | १० |
| नाता प्रमाणित जिवित संगको | १०० |
| जन्ममिति प्रमाणित गर्ने | १०० |

| | |
|---|---|
| विवाह प्रमाणित तथा अविवाहित प्रमाणित | २०० |
| वसाईसराई प्रमाणित | २०० |
| मृत्यु प्रमाणित | २०० |
| व्यक्तिगत विवरण प्रमाणित | १०० |
| हकवाला वा हकदार प्रमाणित | १०० |
| संरक्षक प्रमाणित गर्ने तथा संस्थागत र व्यक्तिगत संरक्षक सिफारीस गर्ने | १०० |
| वैदेशिक अध्ययन तथा रोजगार सिफारिश | १००० |
| आर्थिक अवस्था कमजोर तथा विपन्नता प्रमाणित वा सिफारिश | ० |
| बहालकर को लेखाजोखा प्रमाणित | २०० |
| मोही लगत कट्टी को सिफारीस | ५०० |
| कागज मञ्जुरीनामा प्रमाणीत | ५०० |
| निशुल्क वा सशुल्क स्वस्थ्य उपचारको सिफारीस गर्ने | ० |
| घरवाटो प्रमाणीत | २०० |
| पुर्जामा घरकायम गर्ने सिफारीस | १०० |
| नाम वा जन्ममिति संसोधन सिफारीस | २०० |
| जग्गाधनि पुर्जा हराएको सिफारीस | २०० |
| कित्ताकाट गर्ने सिफारीस | २०० |
| नामसारी गर्ने सिफारीस | १०० |
| जग्गाको दर्ता सिफारीस | १०० |
| मृतक सँगको नाता प्रमाणित तथा  सिफारीस | २५० |
| विपन्न विद्यार्थी छात्रबृत्ति सिफारिश | ० |

| | |
|---|---|
| जिवित रहेको सिफारीस | १०० |
| अपाङ्ग सिफारिश | ० |
| अस्थायी तथा स्थायी बसोबास सिफारिश | १०० |
| आर्थिक अवस्था कमजोर सिफारिश | ० |
| आर्थिक अवस्था बलियो सिफारिश | २०० |
| दुवै नाम गरेको ब्यक्ति एउटै हो भन्ने सिफारिश | २०० |
| जन्म मिति प्रमाणीत | १०० |
| अदालत कोट फि मिनाहा सिफारिश | ० |
| नाबालक परिचय पत्र सिफारिश | १०० |
| चौपाय सम्बन्धि सिफारिश | १०० |
| संस्थागत विद्यालय ठाउँसारी सिफारिश | १००० |
| उद्योग ठाउँसारी सिफारिश | २०० |
| विवरण खुलाई पठाउने कार्यका लागि सिफारिश | २०० |
| पेन्शन सिफारीस वैदेशिक मुलुक | ५०० |
| पेन्शन सिफारीस नेपाल को लागी | २०० |
| पालनपोषणको लागी सिफारीस | २०० |
| वैवाहिक अंगिकृत नागरीकता सिफारीस | २०० |
| दरपिठ सिफारिश प्रति पाना | १०० |
| प्लटिङ इजाजत सिफारिश प्रति रोपनी | २००० |
| छात्रबृत्ति सिफारिश | १०० |
| विद्यालय संचालन वा कक्षा स्तर बृद्धि सिफारिश | १०० |
| दलित आदिवासी जनजाती सिफारिश | १०० |
| प्रतिलिपि वा प्रतिलिपिको लागि सिफारिश | थप ५० |

| | |
|---|---|
| योजना खाता बुक | १०० |
| उपभोक्ता दर्ता शुल्क | ५०० |
| अन्य सिफारिश | १०० |
| **सेवा शुल्क** | |
| अचल सम्पत्ति मुल्याङ्कन सेवा शुल्क (प्रति लाख) | २० |
| आयश्रोत मुल्याङ्कन सेवा शुल्क (प्रति लाख) | २० |
| वडा तथा गा.पा को हल भाडा सेवा शुल्क | १००० |
| गा.पा जेसिबी भाडा प्रति घण्टा इन्धन बाहेकसेवा शुल्क | ११०० |
| घ वर्गको ठेक्का इजाजत पत्र जारी शुल्क | १५,००० |
| घ वर्गको ठेक्का इजाजत नविकरण शुल्क | १०,००० |
| फोरमैला व्यवस्थापन सेवा शुल्क ठूला होटल | १५०/ महिना |
| फोरमैला व्यवस्थापन सेवा शुल्क सान होटल, चटपटे, व्यक्तिगत घर लगायत सबै | १००/ महिना |
| **अमिन सेवा शुल्क** | |
| प्रथम एक कित्ताको लागि प्रति कित्ता | १५०० |
| थप कित्ताको लागि प्रति कित्ता | ७०० |
| पानी परिक्षण शुल्क प्रतिपटक | १५०० |
| घर नक्शा पास शुल्क | तपशिलमा उल्लेख गरिएबमोजिम |

| | | **आ.व ०७८।०७९** | | | **आ.व ०७९।०८०** | | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | घरको बनावट | राजमार्गको दायाँ बायाँ प्रति वर्गफुट लाग्ने दस्तुर रु.मा | शाखा पिच सडकको दाँया बायाँ प्रति वर्गफुट लाग्ने दस्तुर रु. मा | अन्य सडकको दायाँ बायाँ तथा अन्य स्थानमा प्रति वर्गफुट लाग्ने दस्तुर रु.मा. | राजमार्गको दायाँ बायाँ प्रति वर्गफुट लाग्ने दस्तुर रु.मा | शाखा पिच सडकको दाँया बायाँ प्रति वर्गफुट लाग्ने दस्तुर रु. मा | अन्य सडकको दायाँ बायाँ तथा अन्य स्थानमा प्रति वर्गफुट लाग्ने दस्तुर रु.मा. |
| 1 | **औद्योगिक तथा व्यासायिक प्रयोजन तर्फ** | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | **क) RCC फ्रेस स्टक्चर तर्फ** | | | | | | |
| | जमिनतला | 3/- | 3/- | 2/- | 3/- | 3/- | 2/- |
| | प्रथमतला | 4/- | 4/- | 3/- | 4/- | 4/- | 3/- |
| | दोस्रोतला सो भन्दा माथि | 5/- | 5/- | 4/- | 5/- | 5/- | 4/- |
| | **ख) लोडवेयरिङ्ग स्टक्चर तर्फ** | | | | | | |
| | जमिनतला | 3/- | 2/- | 1/- | 3/- | 2/- | 1/- |
| | प्रथमतला | 4/- | 3/- | 2/- | 4/- | 3/- | 2/- |
| | दोस्रो तला तथा सो भन्दा माथि | 5/- | 4/- | 3/- | 5/- | 4/- | 3/- |
| | **ग) ईट्टालाई सिमेन्ट वा माटोको जोडाई गरी बनेको जस्ताको छाना भएको घर** | | | | | | |
| | जमिनतला | 3/- | 2/- | 1/- | 3/- | 2/- | 1/- |
| | प्रथमतला | 4/- | 3/- | 2/- | 4/- | 3/- | 2/- |
| | दोस्रो तला तथा सो भन्दा माथि | 5/- | 4/- | 3/- | 5/- | 4/- | 3/- |
| 2 | **आवासीय प्रयोजन तर्फ** | | | | | | |
| | **क) RCC फ्रेम स्टक्चर तर्फ** | | | | | | |
| | जमिनतला | 3/- | 2/- | 1/- | 3/- | 2/- | 1/- |
| | प्रथमतला | 4/- | 3/- | 2/- | 4/- | 3/- | 2/- |
| | दोस्रोतला तथा सो भन्दा माथि | 5/- | 4/- | 3/- | 5/- | 4/- | 3/- |
| | **ख) लोडवेयरिङ्ग स्टक्चर तर्फ** | | | | | | |
| | जमिनतला | 2/- | 1/- | 1/- | 2/- | 1/- | 1/- |
| | प्रथमतला | 3/- | 2/- | 2/- | 3/- | 2/- | 2/- |
| | दोस्रो तला तथा सो भन्दा माथि | 4/- | 3/- | 2/- | 4/- | 3/- | 2/- |
| | **ग) ईट्टालाई सिमेन्ट वा माटोको जोडाई गरी बनेको जस्ताको छाना भएको घर** | | | | | | |
| जमिनतला | | 2/- | 1/20 | 1/- | 2/- | 1/20 | 1/- |
| प्रथमतला | | 3/- | 2/- | 1/- | 3/- | 2/- | 1/- |
| दोस्रो तला तथा सो भन्दा माथि | | 3/- | 2/50 | 2/- | 3/- | 2/50 | 2/- |

१) घर नक्साको प्रतिलिपि दस्तुर रु. ५००/-

२) घर नक्साको नामसारी दस्तुर २५% (नामसारी गर्दाको मितिमा सो प्रकृतिको घरका लागि लाग्ने दस्तुरको)

३) माथि उल्लेख नभएका सार्वजनिक पाटि, पौवा, मन्दिर, गुम्बा, मस्जिद, चर्च, स्कूलको हकमा दस्तुर लाग्ने छैन अन्यको हकमा आवासीय प्रयोजनको सरह दस्तुर लाग्नेछ ।

## अनुसुचि १३ः पर्यटन शुल्क

| पर्यटकीय स्थल | करको दरहरु |
|---|---|
| (क) लामो झरना र अन्य झरना | |
| १. विदेशी | १०० |
| २.स्वदेशी | ५० |
| ३. स्थानीय | २० |
| ख) बनभोज पर्यटकीय स्थलमा | |
| १) १५ जनासम्म | 300 |
| २)१६ जनादेखि ३० जनासम्म | 500 |
| ३)३० जना भन्दा माथि | 1000 |
| ग) सिराइचुली | 50 |
| घ) उपरदाङ्गगढी | 50 |